मिति : २०८१।०१।२३

समय : बिहान १०:०० बजे

स्थान : गोलन्जोर गाउँ कार्यपालिकाको कार्यालय, ग्वालटार

आज मिति २०८१।०१।२३ गते बिहिबार गोलन्जोर गाउँपालिकाका अध्यक्ष श्री शंकर राज बरालज्यूको अध्यक्षतामा गोलन्जोर गाउँ कार्यपालिकाको बैठक तपशिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्ताबहरु माथि छलफल गरी निर्णय पारित गरियो ।

**उपस्थिति:**

| | |
|---|---|
| १. श्री शंकर राज बराल | गाउँपालिका अध्यक्ष |
| २. श्री ज्वाला प्रसाद न्यौपाने | गाउँपालिका उपाध्यक्ष |
| ३. श्री रेगन राज थापा | गाउँपालिका प्रवक्ता |
| ४. श्री सोभ प्रसाद बराल | कार्यपालिका सदस्य |
| ५. श्री दौलत कार्की | कार्यपालिका सदस्य |
| ६. श्री कृष्ण प्रसाद पोखरेल | कार्यपालिका सदस्य |
| ७. श्री भक्त बहादुर भुजेल | कार्यपालिका सदस्य |
| ८. श्री गोबिन्द बहादुर लुङ्गेली | कार्यपालिका सदस्य |
| ९. श्री रबिन श्रेष्ठ | कार्यपालिका सदस्य |
| १०. श्री सम्झना पोखेल | कार्यपालिका सदस्य |
| ११. श्री सम्बर बहादुर माझी | कार्यपालिका सदस्य |
| १२. श्री उर्बशी ढुङ्गेल | कार्यपालिका सदस्य |
| १३. श्री अम्मरदिप बि क | कार्यपालिका सदस्य |
| १४. श्री शान्ता बि क | कार्यपालिका सदस्य |
| १५. श्री खरिमाया आले पुर्वछाने | कार्यपालिका सदस्य |
| १६. श्री ठाकुर प्रसाद दाहाल | प्रमुख प्रशासकीय अधिकृत |

**अन्य उपस्थिति**

| | |
|---|---|
| १. सरद प्याकुरेल | प्रशासन शाखा |
| २. सुबिर विक्रम कार्की | IT शाखा |

शंकर राज बराल
अध्यक्ष

ठाकुर प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावहरु**

१. गृहिणी महिला सशक्तिकरण कार्यक्रम सम्बन्धमा ।

२. प्रोटिन बेट खरिद तथा भुक्तानी सम्बन्धमा ।

३. योजनाको नाम संशोधन सम्बन्धमा ।

४. प्रशासकीय भवनको सिर्जित दायित्व भुक्तानी सम्बन्धमा ।

५. औषधी तथा सेनेटरी प्याडको बाँकी दायित्व भुक्तानी सम्बन्धमा ।

६. बालमैत्रि वडा घोषणा सम्वन्धमा ।

७. आगामी आ.व. २०८१।०८२ को बजेट तथा कार्यक्रम सम्वन्धमा ।

८. सुझाव कार्यान्वयन सम्वन्धमा ।

९. गाउँपालिकाको लोगो निर्माण गर्ने सम्वन्धमा ।

१०. गाउँपालिका महासंघवाट भएको परिपत्र वमोजिम ऐन परिमार्जन प्रयोजनको लागि सुझाव उपलब्ध गराउने सम्वन्धमा ।

११. सुख्खा खडेरी ग्रस्त क्षेत्र घोषणा सम्वन्धमा ।

१२. राजश्व परामर्श समितिको निर्णय अनुमोदन सम्वन्धमा ।

१३. विविध ।

शंकर राज बराल
अध्यक्ष

ठाकुर प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

## निर्णयहरु

निर्णय नं १ प्रस्ताव नं १ माथि छलफल गर्दा गृहिणी महिला सशक्तिकरण कार्यक्रम सम्बन्धमा छलफल गर्दा बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको निर्णय अनुसार गोलन्जोर गाउँपालिका पनि कार्यक्रमको लागि छनौट भई सम्झौता समेत भएको सन्दर्भमा चालु आ व २०८०।०८१ मा यो कार्यक्रम गोलन्जोर गाउँपालिका वडा नं ३ र ६ मा सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं २ प्रस्ताव नं २ माथि छलफल गर्दा प्रोटिन बेट खरिद तथा भुक्तानी सम्बन्धमा छलफल गर्दा जुनार सुन्तलामा लाग्ने रोग किरा व्यवस्थापन गर्न विषादी, प्रोटिन विट खरिद तथा वितरण शीर्कको कार्यक्रम कार्यान्वयनको लागि जुनार सुन्तलामामा लाग्ने किरा नियन्त्रण गर्न गोलन्जोर गाउँपालिकाले खरिद गरेर प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना मार्फत कृषकहरुलाई वितरण गर्ने प्रोटिन बेट आवश्यक प्रक्रिया अवलम्बन गरी खरिद गरिएकोमा सो शिर्षकमा आन्तरीक राजश्व स्रोतबाट जम्मा हुनुपर्ने रकम पर्याप्त संचित नभएकोले भुक्तानीमा समस्या परेको र तपशीलका योजनाहरु हालसम्म कार्यान्वयन नभएको हुँदा हाललाई चालु आ.व. २०८०।०८१ कृषि कार्यक्रम तर्फका तपशिलका शिर्षकहरुमा बिनियोजित बजेटबाट खर्च लेख्न गाउँ कार्यपालिकाको कार्यालयलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

तपशिल

| क.स. | योजनाको नाम | विनियोजित बजेट | हाल खर्च लेख्ने योजना | कैफियत |
|---|---|---|---|---|
| १ | उत्कृष्ट किसान सम्मान कार्यक्रम (३ जना) | १०००००। | जुनार सुन्तलामा लाग्ने रोग किरा व्यवस्थापन गर्न विषादी, प्रोटिन विट खरिद तथा वितरण | |
| २ | कार्यक्रम अनुगमन र रिपोर्टिङ्ग | १०००००। | | |
| ३ | कृषकहरुलाई गडयौले मल बनाउने कार्यक्रम | ४०००००। | | |
| ४ | गोठ,गोठमल सुधार तथा पशुमुत्र संकलन | ५०००००। | | |
| ५ | जम्मा | ११०००००।- | | |

निर्णय नं ३ प्रस्ताव नं ३ माथि छलफल गर्दा यस चालु आ.व.२०८०।०८१ को गाउँपालिका अन्तर्गत योजनाको नाम संशोधन सम्बन्धमा छलफल गर्दा तपशिल अनुसारको योजनाको नाम संशोधन गर्ने निर्णय गरियो ।

तपशिल

| क.स. | साविक योजनाको नाम | रकम | कायम हुने योजना शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | बौध मन्दिर निर्माण | २०००००।- | वडा नं ४ को पाइप तथा सिमेन्ट खरिद | वडा नं ४ |
| २ | प्रा.वि धेद्रे घेरा वेरा | ३०००००।- | प्रा.वि धेद्रे घेरा वेरा र वाल निर्माण | वडा नं ३ |
| ३ | सम्पुर्ण कुलो मर्मत | २०००००।- | सम्पुर्ण खानेपानी पाईप खरिद | वडा नं २ |
| ४ | वडा कार्यालय व्यवस्थापन | १५००००।- | | |

निर्णय नं ४ : प्रस्ताव नं ४ माथि छलफल गर्दा प्रशासकीय भवनको सिर्जित दायित्व भुक्तानी सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकाको निर्माणाधीन प्रशासकीय भवनको निर्माण कार्य भइरहेकोमा निर्माण व्यवसायीको तर्फबाट पहिलो तला ढलान सम्पन्न गरी दोस्रो तला ढलानको लागि तयारी भइरहेको हुँदा रनिङ विल वापतको रकम भुक्तानीको लागि पेश भई दायित्व सिर्जना भएको,

गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि गाउँ सभाबाट रु २ करोड विनियोजन भएकोमा रु १ करोड १६ लाख ५० हजार रुपैयाँ आन्तरिक स्रोत- नगद तर्फबाट विनियोजन भएकोमा आन्तरिक स्रोत तर्फ बजेट सञ्चित नरहेको हुँदा हाल उक्त सिर्जित दायित्व भुक्तानीमा समस्या रहेको । सवारी साधन व्यक हो लोडर खरिदका लागि भएको ठेक्का बदर भएको र चालू आर्थिक वर्षमा उक्त खरिद कार्य गर्न अब सम्भव नरहेको हुँदा गाउँपालिकाको प्रशासकीय भवन निर्माण वापत हाल सिर्जित दायित्व तत्कालका लागि सवारी साधन खरिद(व्यक हो लोडर) शीर्षकमा विनियोजित रकम रु ५५ लाख रुपैयाँ मध्येबाट खर्च गर्ने गरी गाउँ कार्यपालिकाको कार्यालयलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ५** : प्रस्ताव नं ५ माथि छलफल गर्दा गत आर्थिक वर्षमा ठेक्का आव्हान भई खरिद भएको औषधी तथा सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुको लागि निशुल्क वितरणका लागि सोही ठेक्का मार्फत खरिद भएको सेनेटरी प्याड वापतको सिर्जित दायित्व भुक्तानी हुन नसकी नियमानुसार कच्चाबारी प्रमाणित भई चालू आर्थिक वर्षको लागि दायित्व सरी आएकोमा उक्त औषधी तथा सेनेटरी प्याड खरिद वापतको विल बमोजिमको रकम औषधीको हकमा गाउँपालिकाबाट चालू आ व मा विनियोजित निशुल्क औषधी खरिद वितरण शीर्षकबाट र सोबाट अपुग भएमा संघीय सरकारबाट सशर्त अनुदान अन्तर्गत चालू आर्थिक वर्षमा वित्तीय हस्तान्तरण भई आएको आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद शीर्षकबाट र सेनेटरी प्याड वापतको रकम संघीय सरकारबाट सशर्त अनुदान अन्तर्गत चालू आर्थिक वर्षमा वित्तीय हस्तान्तरण भई आएको सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन शीर्षकको बजेटबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं ६** प्रस्ताव नं ६ माथि छलफल गर्दा बागमति प्रदेश सरकारले वि.स २०८७ सम्ममा सवै स्थानीय तहलाई वालमैत्रि बनाउने लक्ष्य लिईएको र वालमैत्रि स्थानिय शासन कार्यान्वयन निर्देशिका २०७८ अनुसार यस गाउँपालिकामा विगतमा वालमैत्रि वडा घोषणाको लागि वडा नं ३ र वडा नं ६ लाई आवश्यक प्रकृया पुरा गरी बालमैत्रि वडा घोषणा गर्ने प्रतिवद्धता व्यक्त गरिएकोमा थप वडा नं ५ र ७ लाई समेत वालमैत्रि स्थानिय शासन अन्तर्गत वडा घोषणाका लागि आवश्यक प्रकृया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं ७** प्रस्ताव नं ७ माथि छलफल गर्दा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन बमोजिम आगामी आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रम तर्जुमाको लागि वैशाख मसान्त भित्र वस्ति टोलस्तरमा योजना छनौटको चरणहरु पुरा गरिसक्नुपर्ने व्यवस्था भएकोले यस गाउँपालिकामा संघीय सरकार र प्रदेश सरकारवाट प्राप्त समानिकरण अनुदान, राजश्व बाडफाट लगायत अन्य अनुदान एकिन गरी श्री राष्ट्रिय योजना आयोगवाट प्राप्त स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन बमोजिम आगामी आ.व.को बजेट तथा योजना तर्जुमा कार्य २०८१ सालको जेष्ठ १ वाट अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं ८**: प्रस्ताव नं ८ माथि छलफल गर्दा श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयवाट विभिन्न मितिमा सुझाव कार्यान्वन सम्वन्धमा परिपत्र भएको पत्रहरुमा समावेश भएको व्यहोराहरुलाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्ने र अन्य विभिन्न निकायवाट प्राप्त सुझावहरुलाई समेत कार्यान्वयन गर्ने निर्णय गरियो ।

शंकर राज बराल
अध्यक्ष

**निर्णय नं ९:** प्रस्ताव नं ९ माथि छलफल गर्दा यस गाउँपालिकाको ऐतिहासिक, भौगोलिक, सामाजिक साँस्कृतिक, प्राकृतिक एंव पालिकाको विशिष्ट मौलिक पहिचान झल्कने लोगो निर्माण गरी प्रयोगमा ल्याउने प्रयोजनार्थ लोगो डिजाईन गर्न सूचना आह्वान गर्ने निर्णय गरियो

**निर्णय नं १०:** प्रस्ताव नं १० माथि छलफल गर्दा श्री गाउँपालिका राष्ट्रिय महासंघ नेपालवाट मिति २०८१।०१।१० मा भएको परिपत्रमा उल्लेखित व्यहोरा स्थानीय सरकारको सुझाव अनुसार महासंघले विभिन्न ऐन संसोधनको लागि महासंघ मार्फत सम्वन्धित निकायमा सुझाव पेश गर्ने निर्णय भए बमोजिम अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनहरुको अध्ययन गरी आवश्यक सुझाव उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ११** प्रस्ताव नं ११ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा नं ७ खुर्कोट देखि पुर्व तर्फ सुँगुरे, हैवार, वलेनी, देउरालीटार, ग्वालटार, मुर्किवेशि वसेरी कुखुरेटार च्याकुटारका सवै मकै खेति यस वर्षको विपद खडेरीका कारण खोला सुकी डडेर नष्ट भएकोमा दुःख व्यक्त गर्दै श्री बागमति प्रदेश सरकार र श्री संघीय सरकारलाई सुख्खा ग्रस्त क्षेत्र घोषणा गर्नका लागि सर्वसम्मतीवाट आवश्यक पहल गर्ने निर्ण गरियो ।

**निर्णय नं १२** प्रस्ताव नं १२ माथि छलफल गर्दा मिति २०८१ साल वैशाख ४ गते वसेको राजश्व परामर्श समितिको वैठकले गरेको निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

शंकर राज बराल
अध्यक्ष

ठाकुर प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत